# विद्यालय व्यवस्थापनमा प्रधानाध्यापकको नेतृत्वशैली

शिक्षाशास्त्र सङ्काय अन्तर्गत स्नातकोत्तर तह एम.एड द्वितीय वर्ष (कोर्ष नं.५९८) को शैक्षिक योजना तथा व्यवस्थापन विषयको आंशिक आवश्यकता परिपूर्तिको लागि प्रस्तुत

## शोधपत्र

शोधार्थी

खगेन्द्रप्रसाद सुवेदी

परीक्षा रोल. नं. २१४०१०८/२०६६

त्रि.वि. रजिष्ट्रेशन नं. : १०४१६-८७

शैक्षिक वर्ष : ०६४/०६५

सुकुना बहुमुखी क्याम्पस

शैक्षिक योजना तथा व्यवस्थापन विभाग

इन्द्रपुर, मोरङ

चैत्र,२०६९

## विषय : सिफारिस पत्र ।

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय सुकुना बहुमुखी क्याम्पस, इन्द्रपुर, मोरङको स्नातकोत्तर तह द्वितीय वर्षको शैक्षिक योजना तथा व्यवस्थापन मूल विषयको आंशिक आवश्यकता पूरा गर्नका लागि छात्र श्री खगेन्द्रप्रसाद सुवेदीले "प्रधानाध्यापकको नेतृत्वशैली" शीर्षकको शोध-पत्र मेरो निर्देशनमा रही तयार पार्नु भएको हो । उहाँको यस शोधपत्र लेखनप्रति म सन्तुष्ट भएकाले आवश्यक मूल्याङ्कनका लागि सिफारिस गर्दछु ।

.................................

लक्ष्मीकुमार श्रेष्ठ

शोध निर्देशक

मिति : २०६९

# स्वीकृति पत्र

त्रिभुवन विश्वविद्यालय सुकुना वहुमुखी क्याम्पस, इन्द्रपुर मोरङ, शिक्षा शास्त्र सङकाय अन्तर्गत शैक्षिक योजना तथा व्यवस्थापन मूल विषय लिई स्नातकोत्तर तहमा अध्ययनरत छात्र श्री खगेन्द्रप्रसाद सुवेदीले उक्त तहको द्धितीय वर्षको आंशिक आवश्यकता पूरा गर्ने प्रयोजनका लागि तयार गर्नु भएको “प्रधानाध्यापकको नेतृत्वशैली” शीर्षकको शोध पत्र यस शोधपत्र मुल्याङ्कन समितिबाट स्वीकृत गरिएको छ ।

**मूल्याङ्कन समिति**

| क.स. | नाम | पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | श्री लक्ष्मीकुमार श्रेष्ठ | विभागीय प्रमुख तथाशोध निर्देशक | .................. |
| २. | | बाह्य परीक्षक | ..................... |
| ३. | | | |

मिति : २०६९/ /

# कृतज्ञताज्ञापन

यो शोधपत्र "प्रधानाध्यापकको नेतृत्वशैली" विषयसँग सम्वन्धित छ । प्रस्तुत शोधपत्र तयार गर्ने क्रममा यस क्याम्पसका प्रमुख व्यक्तित्वहरू, प्रशासन, विषय शिक्षण प्रमुख, प्राध्यापक, विद्यार्थीहरूबाट प्राप्त सूचना तथा तथ्यहरूको आधारमा तयार पारिएकाले सम्वन्धित सवैलाई धन्यवाद दिन चाहन्छु । यसका साथै पुस्तकालयका क्षेत्रमा काम गर्ने सम्पूर्ण व्यक्ति तथा शैक्षिक सस्थाहरूलाई पनि यस शोध अध्ययनले आफ्नो कार्य क्षेत्रमा काम गर्न सहयोग गर्ने कुरामा अपेक्षा राखेको छु । यसै गरी यस अध्ययन कार्यमा सहयोग गर्नुहुने कार्यक्रम संयोजक श्री लक्ष्मीकुमार श्रेष्ठ, प्राध्यापक श्री गणेशप्रसाद दहालको निरन्तर कुशल निर्देशनमा तयार पारिएको हो । आफ्नो व्यक्तिगत एवंम् अध्यापन सम्वन्धि व्यस्तताको बावजुद सधै सद्भावपूर्ण सहयोगात्मक मार्ग निर्देशन गर्नु भएकाले वहाँलाई हार्दिक कृतज्ञता ज्ञापन गर्न चाहन्छु । त्यसैगरी आवश्यक सल्लाह, निर्देशन र विद्यालयको पुस्तकालयको विवरण दिई सहयोग गर्नुहुने बुद्ध मा.वि. देविझोडाका प्र.अ. श्री घनश्याम गौतम, र सोहि विद्यालयका वि.व्य.स. अध्यक्ष श्री लालवहादुर कार्की, श्री लक्ष्मी मा.वि. भलुवाका प्र.अ. श्री खम्बा सिंह थापा, मुगु नि.मा.वि. का प्र.अ. श्री जितेन्द्र तिम्सिना, वाल कल्याण प्रा.वि. की प्र.अ. गंगा बराल, कुवापानी नि.मा.वि.का प्र.अ. श्री देवनारायण यादव, स्रोतकेन्द्र केराबारीका स्रोत व्यक्ति श्री यम थापा साथै सम्पूर्ण शिक्षक स्टाफ एवम विद्यालय परिवारप्रति पनि कृतज्ञता ज्ञापन गर्न चाहान्छु ।

अन्त्यमा यो शोधप्रति श्रद्धा र चासो राखी हर समय प्रोत्साहन गर्ने मेरी आमा कोमलकुमारी सुवेदी लगायत मेरी श्रीमति देवीमाया सुवेदी, छोरा पुजन सुवेदी, प्रविन सुवेदी र पुस्कल सुवेदीलाई समेत धन्यवाद दिन चाहन्छु ।

सम्पूर्ण मित्रजन, सहपाठी साथीहरू एवम् शुभचिन्तक महानुभावहरूका साथै मोर्डन डिजिटल फोटोस्टुडियो तथा कम्युनिकेशन सेन्टरका भाइ धर्मेन्द्र दुलाल तथा होमनाथ दुलाल प्रति हार्दिक धन्यवाद व्यक्त गर्दै यो शोधपत्र सबैका लागि उपयोगी हुने छ भन्ने पूर्ण विश्वास लिएको छु ।

खगेन्द्रप्रसाद सुवेदी

# शोध सार

विद्यालयको व्यवस्थापनमा प्र.अ.को नेतृत्व शैली विषयको अनुसन्धानमूलक यस शोध पत्रमा विद्यालयका प्रधानाध्यापकले अवलम्वन गरेको नेतृत्व शैलीको पहिचान गर्नु, उचित नेतृत्व शैली अपनाउन सुझाव दिनु, नेतृत्व शैलीका कारण विद्यालयको व्यवस्थापनमा परेको प्रभावको खोजि गर्नु साथै नेतृत्व वहन गर्दा प्र.अ.लाई आई पर्ने समस्याहरु पत्ता लगाई सुझाव दिनु यसको महत्वपूर्ण उद्देश्य रहेको छ ।

यो शोध कार्य परिमाणात्मक र गुणात्मक दुवै मिश्रित ढाँचामा आधारित भई सम्पन्न गरिएको छ । मोरङ जिल्ला स्थित केराबारी स्रोतकेन्द्र अन्तरगतका विद्यालयहरूलाई जनसंख्या मानी त्यसमध्ये उद्देश्यमूलक र दैवी नमूना छनौट विधिबाट नमुना छनौट गरी यो अध्ययन अनुसन्धान कार्यलाई पूरा गरिएको छ ।

यस अध्ययनबाट प्राप्त तथ्य तथ्याङ्कहरूको आधारमा विश्लेषण गर्दा विद्यालयका प्र.अ.हरूले प्रजातान्त्रिक, स्वच्छाचारी र स्वतन्त्र तीनै किसिमको नेतृत्व शैली अवलम्वन गरेको देखिन्छ । नेतृत्वशैलीमा बढि जसो प्रजातान्त्रिक त्यसपछि स्वेच्छाचारी र स्वतन्त्र शैली अपनाइएको पाइएको छ । योजना निर्माणमा धेरै जसो प्र.अ.ले अन्य सरोकारवाला पक्षसँग छलफल गर्ने गरेको देखिन्छ भने धेरै जसो प्र.अ.हरू प्रशासनिक काममा नै व्यस्त भएको देखिन्छ । शैक्षिक काममा प्र.अ.ले धेरै कम समय दिएको साथै मूल्याङ्कन तथा सुपरिवेक्षणमा धेरै कम समयमा मात्र दिने गरेको पाइन्छ । धेरै जसो सामुदायिक विद्यालयका प्र.अ.हरूको शैली अझै पनि परम्परागत शैलीमा आधारित भएको पाइयो । प्र.अ.हरू बढी जसो सरकारमुखी भएको र नेतृत्व निर्वाह गर्ने क्रममा शैक्षिक योग्यता अनुभव तथा तालिम आदिको अभावको कारण प्राय जसो विद्यालयका प्र.अ.हरू वि.व्य.स. तथा अभिभावकसँग राम्रो घुलमिल हुन नसकेको देखिन्छ सो कारणले प्र.अ.लाई नेतृत्व वहनको लागि प्रतिकुल असर परेको देखिन्छ ।

विद्यालय सञ्चालन गर्ने जिम्मेवारी पाएका प्र.अ.ले अवलम्वन गर्ने नेतृत्वशैली प्रजातान्त्रिक हुनु जरुरी हुन्छ । एक्लै मात्र केही हुन नसक्ने हुदाँ विद्यालयसँग सरोकार राख्ने सबै पक्षसँग रचनात्मक सहयोग लिएर योजना निर्माण सम्मका सम्पूर्ण शैक्षिक तथा प्रशासनिक कार्य सम्पन्न गर्न नेतृत्वदायी भूमिका निर्वाह गर्न अनिवार्य हुन्छ । संस्थागत विद्यालयको तुलनामा सामुदायिक विद्यालयको नतिजामा देखिएको व्यापक अन्तर हटाउन प्र.अ. बढी गम्भिर हुनु पर्दछ । शिक्षा ऐन तथा नियमावलीमा तोकिएका प्र.अ.का काम कर्तव्य र अधिकारहरूलाई आत्मसाथ गरी राजनैतिक स्वार्थ भन्दा आफ्ना योग्यता क्षमता र तालिमलाई प्रयोग गर्नु पर्दछ । माताहातका शिक्षक

कर्मचारीहरूको मनोवल उच्च राख्न उनिहरूको सहभागिता र योग्यता तथा क्षमताको कदर गर्दै शिक्षक विद्यार्थी र अभिभावकहरूलाई विद्यालयको हितमा अभिप्रेरित गर्न सक्नु पर्दछ । यसरी शैलीमा देखिएको विभिन्नतालाई कम गर्न उपयुक्त नेतृत्व प्रदान गर्न सक्ने प्र.अ.को छनौट गर्न सम्बन्धित निकायबाट आवश्यक पहल हुनु पर्ने  देखिन्छ । प्र.अ.ले आफ्नो नेतृत्वलाई बढि प्रभावकारी बनाउन कुशल योजनाकार, संगठनकर्ता, निर्णयकर्ता र संचारकर्ताको रुपमा नेतृत्व दिन सक्ने व्यक्तिको रुपमा प्रस्तुत हुन सक्नु पर्छ । विद्यालयसँग सम्बन्धित समसामयीक ज्वलन्त समस्याहरूप्रति गम्भिर, संयमित, विवेकशिल भई समस्या तर्फ उन्मुख हुनु पर्छ भन्ने जस्ता सुझावहरू अध्ययनका आधारमा समावेश गरिएको छ ।

# विषयसूची


| | पृष्ठ सङ्ख्या |
|---|---|
| सिफारिस पत्र | क |
| स्वीकृति पत्र | ख |
| कृतज्ञता ज्ञापन | ग |
| शोधसार | घ |
| तालिका सूची | च |
| चित्र सूची | छ |
| सङ्क्षिप्त शब्दको पूरा रूप | ज |
| **परिच्छेद एक : परिचय** | |
| १.१ अध्ययनको पृष्ठभूमि | १ |
| १.२ समस्याको कथन | ५ |
| १.३ अध्ययनको औचित्य | ६ |
| १.४ अध्ययनको उद्देश्य | ७ |
| १.५ अनुसन्धानात्मक प्रश्नहरू | ८ |
| १.६ अध्ययनको परिसीमा | ८ |
| १.७ प्रयोग गरिएका शब्दका परिभाषाहरू | ९ |
| **परिच्छेद दुई : सम्बन्धित साहित्यको पुनरावलोकन तथा सैद्धान्तिक खाका** | |
| २.१ सम्बन्धित साहित्यको पुनरावलोकन | १० |
| २.२ सैद्धान्तिक खाका | ११ |
| २.३ पुनरालोकनको उपादेयता | १४ |
| **परिच्छेद तीन : अध्ययन विधि** | |
| ३.१ अनुसन्धानको ढाँचा | १६ |
| ३.२. जनसङ्ख्या | १६ |
| ३.३ नमुनाको छनौट | १६ |
| ३.४ नमुना छनौट विधि | १७ |

३.५ नमुना छनौटको आधार १७
३.६ अनुसन्धानका साधनहरू १७
३.६.१ प्रश्नावली १७
३.६.२ अवलोकन फारम १८
३.६.३ अन्तरवार्ता प्रश्नावली १८
३.६.४ लक्षित समूह छलफल निर्देशिका १८
३.७ साधनहरूको बैधता १८
३.८ तथ्याङ्कका स्रोतहरू १८
३.८.१ प्राथमिक स्रोत १९
३.८.२ द्वितीय स्रोत १९
३.९ तथ्याङ्क सङ्कलन विधि १९
३.१० तथ्याङ्क विश्लेषण विधि
परिच्छेद चारः तथ्याङ्कको विश्लेषण र प्रस्तुतीकरण
४.१ प्रध्यानाध्यापकले अवलम्वन गरेको नेतृत्वशैली २०
४.१.१ योजना निर्माण प्रकिया २०
४.१.२ संगठन सञ्चालन प्रक्रिया २३
४.१.३ निर्णय प्रक्रिया २७
४.१.४ संचार प्रक्रिया ३०
४.१.५ निर्देशन तथा नियन्त्रण ३२
४.१.६ सुपरीवेक्षण तथा अनुगमन प्रक्रिया ३३
४.२ विद्यालयका प्रधानाध्यापकको नेतृत्वशैलीको प्रभाव ३३
४.२.१ योजना निर्माण ३४
४.२.२ संगठन सञ्चालन प्रक्रिया ३४
४.२.३ निर्णय प्रक्रिया ३५
४.२.४ सञ्चार प्रक्रिया ३६
४.२.५ निर्देशन तथा नियन्त्रण व्यवस्था ३६
४.२.६ कर्मचारी व्यवस्थान ३६
४.३ नेतृत्व वहन गर्ने क्रममा प्रध्यानाध्यापकका समस्या तथा चुनौतिहरू ३७

४.३.१ शिक्षक, कर्मचारी, र प्रध्यानाध्यापक आफैवाट उत्पन्न भएका समस्याहरू ३७
४.३.२ अभिभावक, विद्यार्थी र राजनैतिक कारणवाट सिर्जना भएका समस्याहरू ३८
४.४ नेतृत्व निर्वाह गर्दा आइपरेका समस्याहरूको समाधानका उपायहरू ४०
४.४.१ समस्या समधानमा वि.व्य.स, शिक्षक- अभिभावक संघ, शिक्षक तथा विद्यार्थीहरूको भूमिका ४०
४.४.२ समस्या समाधानमा अभिभावक तथा समुदायको भूमिका ४१
४.४.३ समस्या समाधानमा जि.शि.अ., वि.नि, तथा स्रोत व्यक्तिको भूमिका ४२
४.५ उपयुक्त नेतृत्वशैली खोजी ४३
४.५.१ प्रधानाध्यापकको विचारमा नेतृत्वशैली ४३
४.५.२ विद्यालय व्यवस्थापन समितिको अध्यक्षको विचारमा नेतृत्वशैली ४४
४.५.३ विद्यालय निरीक्षक तथा स्रोत व्यक्तिको विचारमा नेतृत्वशैली ४५

परिच्छेद पाँचः प्राप्ती, निष्कर्ष र सुझाव

५.१ प्राप्ती ४६
५.२ निष्कर्ष ४७
५.३ सुझावहरू ४८
५.३.१ नीतिगत तह ४८
५.३.२ अभ्यास तह ४९
५.३.३ अनुसन्धान तह ५०
सन्दर्भ सामग्री
अनुसूचीहरू

# तालिकासूची

पृष्ठ संख्या

१. योजना निर्माणमा प्र.अ.को नेतृत्वशैली २३

२. योजना निर्माण अन्तर्गत वार्षिक कार्यतालिका निर्माणमा नेतृत्वशैली २४

३. संगठन संचालन प्रक्रियामा प्रध्यानाध्यपकको नेतृत्वशैली २७

४. निर्णय प्रकियामा प्रधानाध्यापकको नेतृत्वशैली ३०

५. सञ्चार प्रकियामा प्रधानाध्यापकको नेतृत्वशैली ३३

६. प्रधानाध्यापकको विचारमा उपयुक्त नेतृत्वशैली ४४

७. वि.व्य.स. अध्यक्षको विचारमा उपयुक्त नेतृत्वशैली ४५

# चित्रसूची


| | |
|---|---|
| | पृष्ठ संख्या |
| १. योजना निर्माणमा प्र.अ.को नेतृत्वशैली | २३ |
| २. वार्षिक कार्यतालिका निर्माणमा प्र.अ.को नेतृत्वशैली | २५ |
| ३. संगठन संचालन प्रक्रियामा प्रधानाध्यापक को नेतृत्वशैली | २७ |
| ४. निर्णय प्रकियामा प्रधानाध्यापकको नेतृत्वशैली | ३१ |
| ५. सञ्चार प्रकियामा प्रधानाध्यापकको नेतृत्वशैली | ३३ |

# संक्षिप्त शब्दावलीहरू

| | |
|---|---|
| वि.व्य.स. | विद्यालय व्यवस्थापन समिति |
| प्रा.वि. | प्राथमिक विद्यालय |
| नि.मा.वि. | निम्न माध्यमिक विद्यालय |
| मा.वि. | माध्यमिक विद्यालय |
| प्र.अ. | प्रधानाध्यापक |
| त्रि.वि. | त्रिभुवन विश्वविद्यालय |
| वि.नि. | विद्यालय निरीक्षक |
| वि.स. | विक्रम सम्वत |
| इ.स. | इश्वी सम्वत |